कर्णाली प्रदेशको पहिलो दैनिक

कााँक्रेविहार

www.kankrebihar.com

राष्ट्रिय दैनिक

वर्ष : २६ | अंक : ३५ | शुक्रबार, १३ कात्तिक, २०८३ | Friday, 30 Oct 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रु. १०

आयोजना अधुरै छाड्ने निर्माण व्यवसायी र कर्णाली सरकारबीच आज छलफल हुँदै

चाँदनी कठायत
सुर्खेत, १२ कात्तिक

कर्णाली प्रदेश सरकारले वर्षौंदेखि सडक तथा पुल निर्माणका आयोजना अलपत्र पार्ने निर्माण व्यवसायीसँग शुक्रबार (आज) छलफल गर्ने भएको छ। प्रदेशका आठ जिल्लामा ठेक्का सम्झौता भएर पनि निर्धारित समयमा सम्पन्न हुन नसकेका १९ वटा आयोजनासँग सम्बन्धित निर्माण व्यवसायीलाई सरकारले छलफलमा बोलाएको हो। मुख्यमन्त्रीसहितको उपस्थितिमा हुने छलफलमा निर्माण व्यवसायीले काममा ढिलाइ गर्नुको कारण खोजिने र अटेर गर्ने व्यवसायीको ठेक्का तोड्नेसम्मको प्रक्रिया अघि बढाइने भएको छ।

भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयका सचिव अर्जुनकुमार बमका अनुसार लामो समयदेखि निर्माण सम्पन्न हुन नसकेका आयोजनाको काम अघि बढाउने उद्देश्यले सम्बन्धित निर्माण व्यवसायीलाई छलफलमा बोलाइएको हो। छलफलमा मुख्यमन्त्रीसहित आयोजनासँग सम्बन्धित निर्माण व्यवसायीहरु सहभागी हुनेछन्। 'हामीले आयोजनाका मुख्य व्यक्तिलाई नै सहभागी हुन भनेका छौं,' सचिव बमले भने, 'खासगरी २०७७ देखि यताका आयोजना अलपत्र छन्, यदि उहाँहरु सहभागी हुनुभएन र अटेर गर्नुभयो भने ठेक्का तोड्ने हामी प्रक्रिया अगाडि बढाउँछौं।'

उनका अनुसार सरकारले अधुरा आयोजना सम्पन्न गराउन निर्माण व्यवसायीलाई हरेक वर्ष ताकेता गर्दै आएको छ। तर पटकपटक ताकेता गर्दा पनि कतिपय निर्माण व्यवसायीले काम अघि बढाएका छैनन्। 'हामीले वर्षौंपछि बजेट विनियोजन गर्ने तर काम नहुनु त अटेर गरिएको हो नि,' उनले भने, 'त्यसैले अब हामी एकपटक निर्माण व्यवसायीलाई पत्राचार गर्ने, जरिवाना तिराउनेलगायत प्रक्रिया गर्छौं, फेरि पनि अटेर भयो भने ठेक्का तोडिनेछ।'

सचिव बमले सबै आयोजनाको अवस्था भने एकै किसिमको नरहेको बताए। उनका अनुसार केही आयोजनामा आधा काम भइसकेको छ भने कतिपय आयोजना विभिन्न कारणले निर्माण प्रक्रियामै अल्झिएका छन्। त्यसैले निर्माण व्यवसायीसँग छलफल गरेर आयोजनागत समस्या पहिचान गर्ने र काम घि बढाउने तयारी मन्त्रालयको छ। मन्त्रालयका

बाँकी पृष्ठ २

दैलेखदेखि डोल्पासम्म उस्तै समस्या

दैलेख सदरमुकामबाट नौमुले गाउँपालिकाका वडा नम्बर १ देखि ४ हुँदै जाजरकोटको जुनी जोड्ने सडक निर्माणको ठेक्का बिरुवा सिद्धान्त श्रृङ्गेश्वर जेभीले लिएको थियो। २०७८ साउन २७ गते सम्झौता भएको उक्त सडक २०८३ वैशाख २५ गतेभित्र निर्माण सम्पन्न गर्नुपर्ने थियो। तर निर्धारित अवधि सकिँदासमेत काम पूरा भएको छैन।

मन्त्रालयको प्रतिवेदनमा उक्त सडक निर्माणको जिम्मा लिएको व्यवसायीले पटकपटक ताकेता गर्दा पनि काम अघि बढाउन नचाहेको उल्लेख छ। सडकको भौतिक प्रगति निराशाजनक रहेको मन्त्रालयको निष्कर्ष छ। दैलेख सदरमुकामबाट नौमुले हुँदै जाजरकोट जोड्ने सडक निर्माण सम्पन्न नहुँदा दुई जिल्लाबीच सडक सम्पर्क विस्तार गर्ने योजना अधुरै रहेको छ।

दैलेखकै साँगेतरा-बिन्द्रासैनी-चामुण्डा सडकको अवस्था पनि उस्तै छ। २०७८ साउन २८ गते ठेक्का सम्झौता भएको उक्त सडक २०८३ वैशाख ३० गतेभित्र निर्माण सम्पन्न गर्नुपर्ने थियो। सम्झौताको अवधि सकिए पनि निर्माण सम्पन्न हुन सकेको छैन।

डोल्पामा सदरमुकाम दुनैस्थित सरस्वती मन्दिरदेखि तिप्लागाउँ हुँदै थरगाउँ-काँडातली जोड्ने सडक निर्माणको ठेक्का २०७९ असार १६ गते भएको थियो। २०८३ असार १५ गतेसम्म निर्माण सम्पन्न गर्नुपर्ने उक्त सडक पनि अधुरै छ। कालीकोटमा तीनवटा आयोजना निर्धारित समयमा सम्पन्न हुन सकेका छैनन्। कालीकोट-सेरी-पान्तडी-पाद्यघाट हुँदै जुम्ला जोड्ने सडक निर्माणको ठेक्का २०७७ जेठ ११ गते भएको थियो। २०८२ चैत ३० गतेभित्र निर्माण सम्पन्न गर्नुपर्ने सडकको काम अझै बाँकी छ।

कालीकोटकै

बाँकी पृष्ठ २

कहाँ कुन-कुन आयोजना अधुरा ?

हुम्लाको लालीबगर-ओलाथली मोटरेबल पुल निर्माणका लागि २०७९ जेठ २७ गते ठेक्का सम्झौता भएको थियो। सम्झौता भएको चार वर्षभन्दा बढी समय बितिसक्दा पनि पुल निर्माणको काम सुरु हुन सकेको छैन। आगामी २०८४ जेठ ११ गतेभित्र निर्माण सम्पन्न गर्नुपर्ने यो पुलको भौतिक प्रगति हालसम्म शून्य छ। निर्माण सम्पन्न गर्ने समयसीमा नजिकिँदै गर्दा पुलको काम नै सुरु हुन नसकेको हो। जाजरकोटमा पनि वर्षौंअघि ठेक्का लागेका पाँचवटा आयोजना अधुरा छन्। जिल्लामा पक्की पुल निर्माणका लागि २०७७ असोज २३ गते हिराचन/कारभान/सुपरस्टार जेभीले ठेक्का सम्झौता गरेको थियो। म्याद थपसहित २०८१ जेठ ३० गतेभित्र निर्माण सम्पन्न गर्नुपर्ने उक्त पुलको भौतिक प्रगति हालसम्म २५ प्रतिशत मात्रै छ। निर्माण सम्पन्न गर्ने अवधि समाप्त भएको दुई वर्षभन्दा बढी बितिसक्दा पनि ७५ प्रतिशत काम बाँकी छ। जाजरकोटकै बारेकोट गाउँपालिका-८ को साघुतरा र नलगाड नगरपालिका-५ को सिर्के जिउला जोड्ने मोटरेबल पुल निर्माणका लागि २०७८ साउन २९ गते ठेक्का सम्झौता भएको थियो। २०८० माघ २८ गतेभित्र निर्माण सम्पन्न गर्नुपर्ने पुल अझै अधुरै छ। सोही दिन ठेक्का सम्झौता भएको छेडा-चाँदे-जुम्ला सडकखण्डअन्तर्गत साल्मा खोला पुल पनि निर्माण सम्पन्न हुन सकेको छैन। उक्त पुलको निर्माण अवधि २०८० माघ २८ गते नै समाप्त भएको थियो। त्यस्तै छेडा-थलाह-सल्माखोला-चाँदे-जुम्ला सडकको ३० किलोमिटर खण्ड निर्माणका लागि २०७९ पुस ५ गते ठेक्का सम्झौता भएको थियो। २०८२ वैशाख ४ गतेभित्र निर्माण सम्पन्न गर्नुपर्ने सडक अझै अधुरो छ। कालीमाटी-खालचौर-नेटीलेक सडकखण्डअन्तर्गत सक्ला-खारी-बयाल-लिम्सा सडकको ठेक्का पनि २०७९ पुस ५ गते भएको थियो। यसको निर्माण अवधि २०८२ चैत ३० गते समाप्त भइसकेको छ। तर निर्माण सम्पन्न हुन सकेको छैन।

प्रदेश राजधानी सुर्खेतमै तीनवटा आयोजना निर्धारित समयमा सम्पन्न हुन सकेका छैनन्। रानीघाट-तेलपानी-भुरीगाउँ सडक निर्माणको ठेक्का २०७७ असार १६ गते भएको थियो। सम्झौताअनुसार २०८२ माघ २२ गतेभित्र निर्माण सम्पन्न हुनुपर्ने सडक अझै अधुरो छ। पश्चिम सुर्खेतको घाटगाउँ-गुटु-सालघारी-कोइरालाबास-कुइनेभिर सडक निर्माणका लागि २०७९ असार ८ गते ठेक्का सम्झौता भएको थियो। २०८२ पुस २९ गतेभित्र निर्माण सम्पन्न गर्नुपर्ने उक्त सडकको काम पनि पूरा भएको छैन।

सुर्खेतमै सवारीसाधन ट्रायल सेन्टर निर्माणको ठेक्का सम्झौता २०७९ माघ ११ गते भएको थियो। निर्माण सम्पन्न गर्न तोकिएको अन्तिम मिति २०८२ पुस ३० गते समाप्त भइसके पनि आयोजना अधुरो छ। सवारी चालक अनुमतिपत्रसँग सम्बन्धित पूर्वाधारसमेत निर्धारित समयमा तयार हुन नसकेको हो।

प्रधानन्यायाधीशमाथि छानबिन गर्न बार एसोसिएसनको माग

कााँक्रेविहार संवाददाता
काठमाडौं, १२ कात्तिक

नेपाल बार एसोसिएसनले प्रधानन्यायाधीश मनोजकुमार शर्मा र विवादित मुद्दासँग सम्बन्धित व्यक्तिबीच भएको भनिएको संवाद तथा भेटघाटसम्बन्धी सार्वजनिक विवरणमाथि छानबिन गर्न माग गरेको छ।

एसोसिएसनले बिहीबार विज्ञप्ति जारी गर्दै सार्वजनिक सञ्चारमाध्यममा आएका विवरणले गम्भीर सार्वजनिक चासो उत्पन्न गरेकोले न्यायपालिकाको स्वतन्त्रता, निष्पक्षता, निर्भीकता र संस्थागत विश्वसनीयता कायम राख्न छानबिन हुनुपर्ने माग गरेको हो।

सञ्चारमाध्यममा प्रकाशित आरोप तथा विवरणलाई नै अन्तिम सत्य वा कुनै व्यक्तिविरुद्ध दोष प्रमाणित भएको निष्कर्षका रूपमा लिन नमिल्ने तर निष्पक्ष छानबिन चाहिँ हुनुपर्ने बारको माग छ।

न्यायपालिकाको उच्च नेतृत्व तथा न्यायाधीशहरूको आचरणसँग सम्बन्धित विषयमा सार्वजनिक रूपमा गम्भीर प्रश्न उठिसकेपछि त्यसलाई केवल सञ्चारमाध्यममा प्रकाशित समाचारका रूपमा सीमित राख्न नहुने बारले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। बारले कानुनविपरीत कार्य भएको प्रमाणित भएमा सम्बन्धित व्यक्तिको पद वा हैसियतको परवाह नगरी कारबाही गर्नुपर्ने र आरोप प्रमाणित नभएमा सम्बन्धित व्यक्तिको प्रतिष्ठा तथा संस्थागत मर्यादाको संरक्षण हुने गरी स्पष्टता प्रदान गर्नुपर्ने बताएको छ।

'अर्नब' चक्रवातको प्रभावः यी राजमार्गहरूमा पहिरोको उच्च जोखिम

कााँक्रेविहार संवाददाता
काठमाडौं, १२ कात्तिक

चक्रवात 'अर्नब' को सम्भावित प्रभावका कारण आगामी केही दिनमा देशका प्रमुख राजमार्गहरूमा पहिरोको उच्च जोखिम बढेको छ। जल तथा ऊर्जा आयोगको सचिवालय अन्तर्गतको जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रले एक सूचना जारी गर्दै विशेष गरी नारायणी, बागमती र कोशी नदी जलाधार तथा आसपासका क्षेत्रमा वर्षा भई राजमार्ग क्षेत्रमा पहिरोको जोखिम बढ्न सक्ने चेतावनी दिएको हो। केन्द्रका अनुसार चक्रवातको प्रभावले पहाडी तथा भिरालो भूबनोट भएका सडकखण्डहरूमा पहिरो जाने, ढुङ्गा खस्ने तथा सडक भासिने सम्भावना रहेको छ। नदी किनारका सडकखण्डहरूमा पानीको सतह बढेर बाढी तथा कटानको जोखिम हुने तथा पहिरो र बाढीका कारण सडक अवरुद्ध हुँदा यातायात सञ्चालन र अत्यावश्यक वस्तुको ढुवानीमा समेत असर पर्न सक्नेछ। साथै, सानाठुला खहरे खोला र कल्भर्टमा पानीको बहाव बढेर सडक क्षति हुन सक्ने सम्भावना औँल्याएको छ। जोखिममा पर्न सक्ने प्रमुख राजमार्ग खण्डहरूमा नारायणगढ-मुग्लिन सडक खण्ड (त्रिशूली र नारायणी नदी किनार), कोशी राजमार्ग तथा सिद्धार्थ राजमार्गका संवेदनशील पहिरो क्षेत्र रहेका छन्।

जीर्ण कर्णाली करिडोरले सास्ती, तीन दिन लगाएर सुर्खेत पुग्नुपर्ने बाध्यता

कााँक्रेविहार संवाददाता
हुम्ला, १२, कात्तिक

हुम्ला-सुर्खेत सडक जीर्ण हुँदा यात्रुले सास्ती भोग्नुपरेको छ।

वर्षा होस् वा घाम, जुनसुकै बेला पहिरो खस्ने जोखिम रहेकाले कर्णाली करिडोरमा यात्रा गर्न कठिन भएको हो।

सर्केगाड गाउँपालिका-१ जैरका नवराज रावतले हुम्लाबाट सुर्खेतसम्मको यात्रा तीन दिनमा पूरा गरेपछि सडकको अवस्थाप्रति आक्रोश व्यक्त गरेका छन्।

वर्षौंदेखि सडक निर्माण तथा स्तरोन्नतिका नाममा बजेट खर्च भए पनि सुरक्षित यात्रा गर्न नपाएको उनको गुनासो छ।

नेपालगन्जको जमुनाहादेखि चीनको सीमावर्ती हिल्सासम्म जोड्ने कर्णाली करिडोर हुम्लालाई राष्ट्रिय सडक सञ्जालसँग जोड्ने महत्वपूर्ण मार्ग हो। तर, सडकको दयनीय अवस्थाले यात्रु तथा मालसामान ढुवानीमा समस्या भइरहेको छ।

सर्केगाड-१ खच्चामा होटल व्यवसाय गर्दै आएका डिलबहादुर कार्कीले सडक स्तरोन्नति नहुँदा यात्रुले सास्ती भोग्नुपरेको बताए।

स्थानीय नवराज महताराले कबाडी-सलिसल्ला सडकखण्डको जोखिमपूर्ण अवस्थाप्रति चिन्ता व्यक्त गरे।

सडकको अवस्थाले खाद्यान्न तथा दैनिक उपभोग्य वस्तुको ढुवानी, स्वास्थ्य उपचार र आपतकालीन आवतजावतमा समेत कठिनाइ भइरहेको स्थानीयको भनाइ छ।

जोखिमपूर्ण स्थानमा बनाइएका काठे तटबन्धनलगायत संरचनाको गुणस्तर र बजेट खर्चको प्रभावकारितामाथि पनि प्रश्न उठाइएको छ।

स्थानीयवासीले सडकको नियमित मर्मतसम्भार, पहिरोको जोखिम न्यूनीकरण र स्तरोन्नतिका लागि प्रभावकारी कदम चाल्न सङ्घीय तथा प्रदेश सरकारसँग माग गरेका छन्।

सम्पादकीय

प्रसारण लाइन निर्माणको अवरोध तत्काल हटाऊ

कर्णालीको विद्युत् आपूर्तिलाई दीर्घकालीन बनाउने उद्देश्यले अघि बढाइएको सुर्खेत–दैलेख १३२ केभी विद्युत् प्रसारण लाइन आयोजना सरकारी प्रक्रियाकै कारण प्रभावित बनेको छ । निर्माण सम्झौता भएको दुई वर्ष बितिसक्दा पनि रूख कटानको अनुमति नपाउँदा आयोजनाले अपेक्षित गति लिन सकेको छैन । विकास आयोजनालाई प्राथमिकतामा राखेको बताउने सरकारले आवश्यक कानुनी प्रक्रिया समयमै पूरा गर्न नसक्नु गम्भीर कमजोरी हो । एउटा निकायले आयोजना अघि बढाउने र अर्को निकायको निर्णय नहुँदा काम रोकिने अवस्थाले सरकारी संयन्त्रबीच समन्वयको अभाव देखाएको छ ।

सुर्खेतको सुब्बाकुनादेखि दैलेखको चुप्रासम्म निर्माणाधीन ३२ किलोमिटर प्रसारण लाइनको भौतिक प्रगति ७० प्रतिशत पुगेको छ । करिब ८० करोड रूपैयाँ लागतको आयोजना २०८२ सालभित्र सम्पन्न गर्ने लक्ष्य थियो । तर, निर्धारित अवधि सकिएर म्याद थप हुँदासमेत निर्माण पूरा भएको छैन । कुल एक सय एक टावरमध्ये हालसम्म ४१ वटा निर्माण भएका छन् भने ८१ वटाको जग तयार भएको छ । रूख कटानको अनुमति नहुँदा बाँकी २० टावरको जग खन्ने कामसमेत सुरू हुन सकेको छैन । वातावरणीय प्रभाव मूल्यांकनलगायत प्रक्रिया पूरा गरेर मन्त्रिपरिषद्मा प्रस्ताव पुगिसक्दा पनि निर्णय नहुनु सरकारकै कार्यशैलीमाथिको प्रश्न हो । विकास निर्माणका नाममा वन विनाशलाई प्रोत्साहन गर्न मिल्दैन । वातावरणीय संरक्षण र पूर्वाधार विकास दुवै उत्तिकै महत्त्वपूर्ण छन् । आयोजनाका लागि १९ हजारभन्दा बढी रूख कटान गर्नुपर्ने अवस्था आफैंमा संवेदनशील विषय हो । त्यसैले आवश्यक रूखको संख्या यकिन गर्ने, वातावरणीय क्षति न्यूनीकरण गर्ने र कानुनबमोजिम वृक्षरोपण तथा संरक्षणको व्यवस्था सुनिश्चित गर्नुपर्छ । तर, सबै प्रक्रिया पूरा भइसकेपछि पनि निर्णय अनिश्चितकालसम्म रोक्नु उचित होइन । सरकारले वातावरणीय दायित्व सुनिश्चित गर्दै तत्काल निर्णय दिनुपर्छ ।

यो प्रसारण लाइन दैलेखमा विद्युत् पुऱ्याउने योजनामा मात्रै सीमित छैन । कालिकोट हुँदै जुम्लासम्म उच्च क्षमताको विद्युत् विस्तार गर्ने दीर्घकालीन योजनासँग पनि जोडिएको छ । प्रसारण लाइन निर्माणमा ढिलाइ हुँदा नागरिकले गुणस्तरीय विद्युत् सेवाबाट वञ्चित हुनुपर्ने मात्र होइन, जलविद्युत् उत्पादन र औद्योगिक लगानीका सम्भावनासमेत प्रभावित हुन्छन् । त्यसैले संघीय सरकारले रूख कटानसम्बन्धी निर्णय तत्काल टुंग्याउनु पर्छ । सम्बन्धित निकायले बाँकी निर्माणको स्पष्ट कार्यतालिका बनाएर प्रभावकारी अनुगमन गर्नुपर्छ । कर्णालीको ऊर्जा विकासलाई सरकारी निर्णयको ढिलासुस्तीका कारण लामो समय अल्झाइराख्नु उचित हुँदैन । त्यसैले सम्बन्धित निकायले कर्णालीका नागरिकको विद्युत् समस्यालाई ख्याल गर्दै आयोजना सम्पन्न गर्नतर्फ लाग्न जरूरी छ ।

स्थानीय तहको चुनाव किन गैर-दलीय हुनुपर्छ?

✍ उपेन्द्र विश्वकर्मा

स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकार हो । बाटो बनाउनेदेखि खानेपानीको व्यवस्था गर्न, विद्यालय सुधार्नेदेखि सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउनसम्म स्थानीय सरकारको भूमिका हुन्छ । जनताले आफ्ना दैनिक समस्या लिएर सबैभन्दा पहिले पुग्ने ठाउँ पनि यही हो । त्यसैले स्थानीय सरकार कति सफल भयो भन्ने कुरा कुन दलले जित्यो भन्ने आधारमा होइन, जनताको जीवनमा कति परिवर्तन आयो भन्ने आधारमा हेर्नुपर्छ । तर हाम्रो स्थानीय राजनीतिमा जनताको समस्याभन्दा दलको स्वार्थले बढी ठाउँ पाउन थालेको छ । गाउँको बाटो बनाउने विषय होस् वा विकासको बजेट बाँड्ने कुरा, कतिपय ठाउँमा दलगत सम्बन्ध र गुटको प्रभाव देखिन्छ । एउटै गाउँका मानिस पनि फरक पार्टीमा आबद्ध भएकै कारण एकअर्कालाई शंकाको नजरले हेर्न थाल्छन् । यस्तो अवस्थामा एउटा प्रश्न उठ्नु स्वाभाविक छ–स्थानीय तहको चुनावमा पार्टीको झन्डा हेरेर प्रतिनिधि छान्ने कि व्यक्तिको क्षमता, इमानदारी र काम गर्ने इच्छाशक्ति हेरेर? स्थानीय तहको चुनाव गैर-दलीय हुनुपर्छ भन्नुको अर्थ राजनीतिक दल चाहिँदैनन् भन्ने होइन । राष्ट्रिय राजनीति सञ्चालन गर्न, विचार र नीति बनाउन तथा सरकारका काममाथि निगरानी राख्न दलहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । तर गाउँमा खानेपानीको समस्या हुनु, विद्यालयमा पढाइ राम्रो नहुनु वा किसानले मल नपाउनु कुनै एउटा दलको मात्र समस्या होइन । यी सबै नागरिकका साझा समस्या हुन् । यिनको समाधान खोज्दा पनि पार्टीको झन्डा हेर्नुपर्ने अवस्था आउनु दुःखद हो । त्यसैले स्थानीय तहको चुनावलाई दलीय प्रतिस्पर्धाभन्दा नागरिकको आवश्यकता र योग्य नेतृत्वसँग जोड्न आवश्यक छ । अहिले धेरै मतदाताले उम्मेदवारको क्षमता र कामभन्दा पार्टीको चुनाव चिह्नलाई बढी महत्त्व दिने गरेका छन् ।

आफ्नो दलको उम्मेदवार कमजोर भए पनि उसैलाई मत दिने प्रवृत्ति छ । अर्कोतर्फ, समाजमा राम्रो काम गरेको र जनताको विश्वास जितेको व्यक्तिले पार्टीको टिकट नपाउँदा चुनावमा उठ्नै कठिन हुन सक्छ । यसरी सक्षम व्यक्तिभन्दा दलको पहुँच भएको व्यक्तिले अवसर पाउने सम्भावना बढ्छ । चुनाव गैर-दलीय हुने हो भने उम्मेदवारले आफ्नो काम, व्यवहार, इमानदारी र योजनाका आधारमा जनताको मत माग्नुपर्ने हुन्छ । मतदाताले पनि पार्टीको नामभन्दा व्यक्तिको काम हेरेर निर्णय गर्न सक्छन् । स्थानीय तहमा दलीय प्रभाव कम गर्नुपर्ने अर्को कारण विकासको बजेट र अवसरको न्यायोचित वितरण हो । जनताले तिरेको कर कुनै राजनीतिक दलको सम्पत्ति होइन । त्यो सबै नागरिकको साझा पैसा हो । त्यसैले कुन ठाउँमा बाटो बनाउने, कहाँ विद्यालय सुधार्ने र कुन बस्तीमा खानेपानी पुर्याउने भन्ने निर्णय नागरिकको आवश्यकता हेरेर हुनुपर्छ । तर कतिपय अवस्थामा राजनीतिक पहुँच भएका ठाउँमा बढी बजेट जाने र पहुँच नभएका बस्ती पछाडि पर्ने गुनासो सुनिन्छ । विकासको अवसरमा दलगत आस्थाका आधारमा विभेद हुनु हुँदैन । गैर-दलीय चुनावले स्थानीय नेतृत्वलाई यस्ता विषयमा बढी जिम्मेवार बनाउन सक्छ । तर चुनावको स्वरूप परिवर्तन हुँदैमा पक्षपात आफैँ हट्छ भन्ने ग्यारेन्टी भने हुँदैन । लोकतन्त्र भनेको पाँच वर्षमा एकपटक मत हाल्नु मात्र होइन । नागरिकले आफ्ना प्रतिनिधिलाई प्रश्न गर्न पाउनुपर्छ । उनीहरूले गरेका निर्णयको हिसाब माग्न सक्नुपर्छ । जनताको करबाट आएको पैसा कहाँ र कसरी खर्च भयो भन्ने जानकारी पाउनु नागरिकको अधिकार हो । तर दलीय राजनीतिमा निर्वाचित प्रतिनिधिले कहिलेकाहीँ जनताको आवाजभन्दा पार्टी नेतृत्वको निर्देशनलाई बढी महत्त्व दिन सक्छन् । पार्टीको स्वार्थ र जनताको आवश्यकताबीच टकराव हुँदा उसले कसको पक्ष लिने भन्ने प्रश्न उठ्छ । गैर-दलीय चुनावमा प्रतिनिधिको जवाफदेहिता सीधै नागरिकसँग जोडिने सम्भावना हुन्छ । उसले अर्को चुनाव जित्न पार्टीको आडभन्दा जनताको विश्वासमा भर पर्नुपर्ने हुन्छ । हाम्रो गाउँसमाजमा राजनीतिक दलका कारण सम्बन्ध बिग्रिएका उदाहरण पनि भेटिन्छन् । चुनावका बेला सुरु भएको तिक्तता चुनाव सकिएपछि पनि रहिरहन्छ । एउटै टोलका मानिस फरक पार्टीमा भएकै कारण सार्वजनिक काममा सहकार्य गर्न हिचकिचाउने अवस्था आउन सक्छ । बाटो बनाउने, खानेपानीको योजना सञ्चालन गर्ने वा विद्यालय सुधार्ने काममा पनि दलगत विवादले असर पार्न सक्छ । जबकि यस्ता काम सबैको हितसँग जोडिएका हुन्छन् । गैर-दलीय चुनावले उम्मेदवारलाई पार्टीको शक्ति देखाउनुभन्दा स्थानीय समस्याको समाधान प्रस्तुत गर्न प्रेरित गर्न सक्छ । गाउँको विकासका लागि एकअर्कासँग प्रतिस्पर्धा गर्नुभन्दा मिलेर काम गर्ने वातावरण बनाउन यसले सहयोग पुर्याउन सक्छ । स्थानीय सरकार नागरिकले लोकतन्त्रलाई नजिकबाट बुझ्ने ठाउँ पनि हो । नागरिकले आफ्नो गाउँ वा नगरमा कसरी निर्णय हुन्छ, बजेट कसरी खर्च हुन्छ र जनप्रतिनिधि कति जिम्मेवार छन् भन्ने कुरा यहीँबाट सिक्छन् । तर चुनावको मुख्य उद्देश्य नै आफ्नो दललाई जिताउने र अर्को दललाई हराउने बन्यो भने शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी र सामाजिक न्यायजस्ता विषय पछाडि पर्न सक्छन् । गैर-दलीय चुनावमा उम्मेदवारले आफू निर्वाचित भएपछि के गर्ने, कसरी गर्ने र जनतालाई त्यसको हिसाब कसरी दिने भन्ने कुरा स्पष्ट पार्नुपर्ने वातावरण बनाउन सकिन्छ । यसले स्थानीय चुनावलाई नाराभन्दा कामको प्रतिस्पर्धा बनाउने सम्भावना बढाउँछ । यद्यपि गैर-दलीय चुनाव हुँदैमा सबै समस्या समाधान हुन्छन् भन्ने सोच्नु पनि ठीक होइन । पार्टीको चुनाव चिह्न हटाएपछि पनि पैसा, नातागोता, जातीय समीकरण र व्यक्तिगत प्रभावले चुनावलाई प्रभावित गर्न सक्छन् । आर्थिक रूपमा बलियो व्यक्तिले स्वतन्त्र उम्मेदवारीका नाममा चुनावमा बढी प्रभाव जमाउन सक्छ । अर्कोतर्फ, दलको संगठनबाट सहयोग पाउने अवसर नहुँदा महिला, दलित र आर्थिक रूपमा कमजोर समुदायका सक्षम व्यक्तिलाई चुनाव लड्न झन् कठिन हुन सक्छ । बाहिरबाट गैर-दलीय देखिए पनि पर्दापछाडि राजनीतिक दलले उम्मेदवारलाई समर्थन गर्ने अवस्था पनि आउन सक्छ । त्यसैले चुनावको स्वरूप परिवर्तन गर्ने बहससँगै यस्ता चुनौतीको समाधानबारे पनि सोच्नुपर्छ ।

नेपालमा राजनीतिक दलहरूले महिला, दलित र अन्य पछाडि पारिएका समुदायलाई राजनीतिमा ल्याउन केही भूमिका खेलेका छन् । संविधान र कानुनले पनि स्थानीय तहमा महिला तथा दलित महिलाको प्रतिनिधित्व सुनिश्चित गर्ने व्यवस्था गरेका छन् । गैर-दलीय चुनावको नाममा यी उपलब्धि कमजोर हुनु हुँदैन । पार्टीको प्रभाव घटाउने कुरा गर्दा सीमान्तकृत समुदायको आवाज पनि कमजोर हुने अवस्था आउन दिनु हुँदैन । बरु महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति र आर्थिक रूपमा कमजोर समुदायका मानिसले पनि स्वतन्त्र रूपमा चुनाव लड्न र नेतृत्वमा पुग्न सक्ने वातावरण बनाउनुपर्छ । चुनाव गैर-दलीय बनाउने हो भने सबै समुदायको अर्थपूर्ण प्रतिनिधित्व कसरी सुनिश्चित गर्ने भन्ने विषयमा स्पष्ट व्यवस्था आवश्यक छ । यसका लागि कानुनी र व्यावहारिक पक्षमा पनि गम्भीर छलफल गर्नुपर्छ । अहिले नेपालमा राजनीतिक दलका उम्मेदवारसँगै स्वतन्त्र उम्मेदवारले पनि स्थानीय चुनावमा भाग लिन पाउँछन् । सबै उम्मेदवारलाई अनिवार्य रूपमा गैर-दलीय बनाउने हो भने विद्यमान कानुनी व्यवस्थामा परिवर्तन गर्नुपर्ने हुन सक्छ । यस्तो निर्णय कुनै दलप्रतिको रिस वा तत्कालको राजनीतिक परिस्थितिका आधारमा गर्नु हुँदैन । यसले नागरिकको राजनीतिक अधिकार, दल खोल्ने स्वतन्त्रता, स्थानीय सरकारको स्वायत्तता र समावेशी प्रतिनिधित्वमा कस्तो असर पार्छ भन्ने विषयमा अध्ययन गर्नुपर्छ । लोकतन्त्र बलियो बनाउने उद्देश्यले ल्याइएको व्यवस्था आफैँले नागरिकको अधिकार कमजोर पार्ने अवस्था आउनु हुँदैन । स्थानीय चुनावलाई साँच्चिकै जनतामुखी बनाउने हो भने केही सुधार आवश्यक छन् । उम्मेदवारले आफ्नो सम्पत्ति विवरण, विगतमा गरेका काम र आगामी योजनाबारे जनतालाई जानकारी दिनुपर्छ । चुनावमा कति खर्च भयो भन्ने कुरा पारदर्शी हुनुपर्छ । पैसा खर्च गरेर मत प्रभावित गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्नुपर्छ । उम्मेदवार र मतदाताबीच खुला बहस हुने व्यवस्था गर्नुपर्छ । निर्वाचित भएपछि जनप्रतिनिधिले नियमित रूपमा आफ्ना कामको विवरण सार्वजनिक गर्नुपर्छ । बजेट, विकास निर्माण र सार्वजनिक खरिदसम्बन्धी जानकारी नागरिकले सजिलै पाउने व्यवस्था हुनुपर्छ । सबैभन्दा महत्त्वपूर्ण कुरा, जनताले आफ्ना प्रतिनिधिलाई प्रश्न गर्दा उनीहरू जवाफ दिन बाध्य हुने वातावरण बनाउनुपर्छ । गैर-दलीय चुनावको अर्थ राजनीति नै नगर्ने प्रतिनिधि छान्नु पनि होइन । हरेक मानिसको आफ्नै विचार र दृष्टिकोण हुन्छ । महत्त्वपूर्ण कुरा उसले कुन विचार राख्छ भन्ने मात्र होइन, सार्वजनिक जिम्मेवारीमा पुगेपछि सबै नागरिकलाई समान व्यवहार गर्छ कि गर्दैन भन्ने हो । स्थानीय सरकार कुनै दलका कार्यकर्ताको हितका लागि बनेको संस्था होइन । यो सबै नागरिकको साझा संस्था हो ।

त्यसैले जनप्रतिनिधिले आफूलाई मत नदिने नागरिकलाई पनि उत्तिकै सम्मान गर्नुपर्छ । विकासका अवसर बाँड्दा, सेवा दिँदा र सार्वजनिक निर्णय गर्दा राजनीतिक आस्था हेर्नु हुँदैन । स्थानीय तहको चुनाव गैर-दलीय हुनुपर्छ भन्ने बहसलाई राजनीतिक दलको विरोधका रूपमा बुझ्नु हुँदैन । यो स्थानीय शासनलाई जनताको अझ नजिक ल्याउने एउटा विकल्प हो । दलहरू लोकतन्त्रका महत्त्वपूर्ण संस्था हुन्, तर हरेक स्थानीय निर्णयमा दलीय स्वार्थ हाबी हुनु आवश्यक छैन । स्थानीय सरकारको सफलता दलको संगठन कति बलियो भयो भन्ने कुराले होइन, नागरिकले कस्तो सेवा पाए र उनीहरूको जीवनमा कति सुधार आयो भन्ने कुराले देखाउँछ ।

अन्ततः हामीले आफैँलाई एउटा प्रश्न सोध्नुपर्छ– स्थानीय चुनावमा कुन दलले जित्यो भन्ने कुरा ठूलो हो कि जनताले के पाए भन्ने कुरा? यदि जनताको हित, सुशासन र जवाफदेहितालाई प्राथमिकता दिने हो भने स्थानीय चुनावको स्वरूपबारे खुला बहस गर्नैपर्छ । गैर-दलीय चुनाव एउटा उपयोगी विकल्प हुन सक्छ, तर त्यसको सफलता पार्टीको चुनाव चिह्न हटाउनमा मात्र निर्भर हुँदैन । पैसाको प्रभाव रोक्न, सबै समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न र जनप्रतिनिधिलाई जनताप्रति जवाफदेही बनाउन सकियो भने मात्र यसको वास्तविक अर्थ रहन्छ । आखिर लोकतन्त्रको सफलता दलहरू कति शक्तिशाली भए भन्नेमा होइन, नागरिकले कति सम्मान, अधिकार र न्याय पाए भन्नेमा निर्भर हुन्छ । यदि चाहनुहुन्छ भने यसलाई अझ कान्तिपुर/नागरिकको विचार पृष्ठमा सुहाउने गरी धारिलो, आलोचनात्मक र कम औपचारिक शैलीमा पनि परिमार्जन गर्न सकिन्छ ।

(लेखक मध्यपश्चिम विश्वविद्यालयमा कार्यरत छन्)

दैलेखदेखि...

पलाता गाउँपालिका-९ स्थित दाम्रीघाड पक्की पुल निर्माणका लागि २०७७ असार ३० गते ठेक्का सम्झौता भएको थियो । २०८२ चैत १९ गतेभित्र निर्माण सम्पन्न गर्नुपर्ने पुल अझै अधुरै छ । त्यस्तै वारातु-सियाला-रेगिल सडक निर्माणको ठेक्का २०७९ वैशाख २६ गते भएको थियो । यसको निर्माण अवधि पनि २०८२ चैत ३० गते समाप्त भइसकेको छ ।

मुगुमा सडक र पुल गरी दुई आयोजना अधुरा छन् । दिमुख-तारापानी-गमगढी-नाक्चेलाग्ने सडक निर्माणको ठेक्का २०८० वैशाख ८ गते भएको थियो । २०८२ पुस २९ गतेभित्र निर्माण सम्पन्न गर्नुपर्ने उक्त सडकको काम पूरा भएको छैन ।

मुगुकै दिमुखा पक्की पुल निर्माणका लागि २०७८ पुस १४ गते ठेक्का सम्झौता भएको थियो । २०८३ जेठ ३० गतेभित्र निर्माण सम्पन्न गर्नुपर्ने पुल पनि निर्धारित समयमा बन्न नसकेको मन्त्रालयको विवरणमा उल्लेख छ ।

रुकुम पश्चिमको छेडाबगर पक्की पुल निर्माणको ठेक्का २०७८ असार २४ गते भएको थियो । सम्झौताअनुसार २०८३ वैशाख २८ गतेभित्र निर्माण सम्पन्न गर्नुपर्ने भए पनि पुल अधुरै छ ।

मन्त्रालयका सचिव बमका अनुसार मन्त्रालयले निर्माण व्यवसायीलाई आयोजना सम्पन्न गर्न निरन्तर पत्राचार र ताकेता गर्दै आएको छ । आगामी शुक्रबारको छलफलमा पनि काम अघि बढाउने विषयलाई प्राथमिकता दिइनेछ ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

आयोजना...

अनुसार दुई वर्षअघिसम्म कर्णालीमा ३३ वटा आयोजना अलपत्र अवस्थामा थिए । अहिले उक्त संख्या घटेर १९ मा झरेको छ । यस अवधिमा १४ वटा आयोजना अलपत्र सूचीबाट हटे पनि बाँकी आयोजनाको निर्माण सम्पन्न हुन सकेको छैन । कतिपय आयोजनाको ठेक्का सम्झौता भएको पाँचदेखि छ वर्ष बितिसकेको छ भने केहीको निर्माण अवधि पटकपटक थपिँदासमेत काम सकिएको छैन ।

प्रदेशको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयअन्तर्गत सुर्खेत, दैलेख, जाजरकोट, डोल्पा, हुम्ला, कालीकोट, मुगु र रुकुम पश्चिमका १९ वटा सडक, पुल तथा अन्य पूर्वाधार आयोजना अधुरा छन् । यीमध्ये अधिकांशको निर्माण सम्पन्न गर्न तोकिएको अवधि समाप्त भइसकेको छ । केही आयोजनामा निर्माणको प्रगति न्यून छ भने कतिपयमा काम नै सुरु भएको छैन ।

विपद् प्रभावितको पुनर्स्थापना गर्न जग्गा खरिद प्रक्रिया सहज बनाइँदै

कांक्रेविहार संवाददाता
काठमाडौं, १२ कात्तिक

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालयले विपद् प्रभावित स्थानीय तहलाई पुनर्स्थापना गर्न आवश्यक जग्गा खरिद तथा अधिग्रहण सहज बनाउन कानुन संशोधनका लागि छलफल सुरु गरेको छ। मन्त्रालयका सचिव मदन भुजेलले जग्गा अधिग्रहणको प्रक्रिया सङ्घीय सरकारमार्फत मात्रै हुने र लामो समय लाग्ने गुनासो आएकाले स्थानीय तहलाई आवश्यक जग्गा उपलब्ध गराउने प्रक्रिया सहज बनाउने विषयमा छलफल भइरहेको बताए।

राष्ट्रियसभाको भोटेकोशी तथा कालीगण्डकी करिडोर विपद्सम्बन्धी अध्ययन तथा अनुगमन संसदीय विशेष समितिमा उनले स्थानीय तहलाई निजी जग्गा खरिद तथा अधिग्रहण गर्न सहज बनाउन कानुन संशोधनबारे छलफल भइरहेको जानकारी दिए।

सचिव भुजेलले प्रभावित परिवारलाई सुरक्षित स्थानमा पुनर्स्थापना गर्न मन्त्रालयले जग्गा पहिचानको काम गरिसकेको बताए। उनका अनुसार नापी विभागका महानिर्देशकको नेतृत्वमा गठित समितिले २७७ कित्ताका तीन हजार २७९ रोपनी जग्गा पहिचान गरी प्रतिवेदन कार्यान्वयनका लागि पूर्वाधार विकास मन्त्रालयमा पठाइसकेको छ।

सचिव भुजेलले विपद् प्रभावित क्षेत्रमा सुरक्षित बस्ती विकासका लागि जग्गा पहिचान गरेको र पहिचान भएका जग्गामा उपयुक्त स्थान छनोट गरी बस्ती बसाउने काम पूर्वाधार विकास मन्त्रालयले गर्ने जानकारी दिए। उनले पुनर्स्थापना प्रभावकारी बनाउन स्थानीय तह, सम्बन्धित मन्त्रालय र अन्य निकायबीच आवश्यक समन्वयको आवश्यकता औँल्याए।

मन्त्रालयकाअनुसार जमिनको प्रकृतिअनुसार उपयोग गर्ने र जोखिमयुक्त स्थानमा बस्ती बसाउन निरुत्साहित गर्ने उद्देश्यले विज्ञ टोलीबाट सङ्घीय भू-उपयोग योजना र नीतिको अध्ययन भइरहेको छ।

मतदाता नामावली अद्यावधिक गर्न आयोग र विभागबिच समझदारी

कांक्रेविहार संवाददाता
काठमाडौं,१२ कात्तिक

मतदाता नामावलीलाई थप शुद्ध, विश्वसनीय र व्यवस्थित बनाउन निर्वाचन आयोग र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबिच समझदारी पत्रमा हस्ताक्षर भएको छ।

विभाग मातहत रहेको 'व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली' मा रहेका व्यक्तिगत विवरणहरूलाई मतदाता नामावली अद्यावधिक तथा प्रमाणीकरण कार्यमा उपयोग गर्न दुई निकायबिच समझदारी भएको हो।

समझदारी पत्रमा निर्वाचन आयोगका तर्फबाट सहसचिव राजेन्द्र कुमार के.सी. र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका तर्फबाट महानिर्देशक कृष्ण पौडेलले हस्ताक्षर गरेका छन्।

उक्त समझदारी अनुसार, पञ्जीकरण विभागले आफ्नो प्रणालीमा रहेका व्यक्तिगत घटना दर्तासम्बन्धी विवरणहरू सुरक्षित प्राविधिक माध्यमबाट निर्वाचन आयोगलाई उपलब्ध गराउनेछ।

आयोगले प्राप्त विवरणका आधारमा मतदाता नामावली अद्यावधिक गर्ने तथा मतदाताको विवरण प्रमाणीकरण गर्ने कार्यमा उपयोग गर्नेछ। यसबाट विशेषगरी मृत्यु भएका मतदाताको नाम हटाउन र बसाइँसराइ तथा अन्य विवरण सच्याउन सहज हुनेछ।

तथ्याङ्कको आदानप्रदान गर्दा व्यक्तिगत विवरणको सुरक्षा र गोपनीयता कायम राख्न आवश्यक प्रविधि विकास गरिने विज्ञप्तिमा उल्लेख छ।

साथै, समझदारी कार्यान्वयनका क्रममा देखिन सक्ने प्राविधिक विषयहरूको समाधानका लागि दुवै पक्षका प्रतिनिधि सम्मिलित 'संयुक्त प्राविधिक कार्य समूह' गठन गरिने भएको छ।

समझदारीपछि बिहीबार आयोगका सहसचिव एवम् प्रवक्ता नारायण प्रसाद भट्टराईद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'यस समझदारीको कार्यान्वयनबाट मतदाता नामावली अद्यावधिक तथा प्रमाणीकरण कार्य थप व्यवस्थित, विश्वसनीय र प्रभावकारी बन्ने अपेक्षा गरिएको छ। यसले मतदाता नामावलीको शुद्धता कायम राख्न र समग्र निर्वाचन व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगलाई सुदृढ बनाउनेछ।'

नेपाल रेडक्रस सोसाइटी

रुकुम (पश्चिम भाग) जिल्ला शाखा

शिलबन्दी कोटेशन आव्हान गरिएको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८३/०७/१३)

सानीभेरी गाउँपालिका र नेपाल रेडक्रस सोसाइटीको साझेदारीमा संचालित दिगो विकासका लागि स्वास्थ्य, अनुकूलन तथा उत्थानशीलता (SUDHAR) परियोजना अन्तर्गत गाउँपालिकाको प्रत्येक वडाहरुमा गठन भएको ज्येष्ठ नागरिक मिलन चौतारीको उचित व्यवस्थापन र सुदृढीकरणका लागि आवश्यक मादल/वाद्यवादन, इलेक्ट्रोनिक्स, स्टेशनरी र अन्य सामग्रीहरु अनुमानित रकम ४,२४,०००/- को खरिद गर्नुपर्ने भएकोले परियोजनाको फिल्ड कार्यालय रुकुम (पश्चिम भाग) जिल्लाको सानीभेरी गाउँपालिका वडा नं.-९, सिम्ली सम्म सामग्री आपूर्ति गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका उत्पादक, अधिकृत विक्रेता तथा वितरकहरुबाट तपसिलको शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी कोटेशन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

शर्तहरु :

१. कोटेशन फारम नेपाल रेडक्रस सोसाइटीको फिल्ड कार्यालय सानीभेरी गाउँपालिका वडा नं.-९, सिम्लीबाट प्राप्त गर्न सकिनेछ।
२. कोटेशन फारमका साथ उद्योग/फर्म दर्ताको प्रमाणपत्र, उद्योग/फर्म भ्याटमा दर्ता भएको प्रमाणपत्र, आयकर प्रमाणपत्र (नवीकरण गरेको) पेश गर्नु पर्नेछ। शिलबन्दी कोटेशन खाम बाहिर कोटेशन दाताको नाम, ठेगाना, सम्पर्क नम्बर तथा फर्मको छाप अनिवार्य हुनुपर्नेछ।
३. कोटेशन फारममा उल्लेखित प्रत्येक सामग्रीको दररेट (भ्याट बाहेक) अंक र अक्षर दुवैमा स्पष्ट गरी लेखिएको हुनुपर्नेछ। अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट वा टिपेक्स लागेको अंक मान्य हुने छैन। कोटेशन फारममा उल्लेख गरिएका सामग्रीहरुका लागि ढुवानी खर्च र भ्याट सहित कूल लागत उल्लेख हुनुपर्नेछ।
४. कोटेशन पेश गर्दा कोटेशन दाताले कोटेशन फारामका हरेक पेजमा सही छाप गर्नुपर्नेछ र खाम बन्द गरी लाहा छापले शिलबन्दी गरिएको हुनुपर्नेछ अन्यथाउक्त कोटेशन दर्ता गर्न बाध्य हुने छैन।
५. कोटेशन फारम दर्ता गर्ने अन्तिम मितिको पहिलो दिन (भोलिपल्ट) १२:०० बजे परियोजना व्यवस्थापन समितिका प्रतिनिधिहरु, कोटेशन दाता स्वयं वा निजको प्रतिनिधिको उपस्थितिमा सानीभेरी गाउँपालिका वडा नं.-९, सिम्ली रुकुम (पश्चिम भाग) स्थित परियोजनाको फिल्ड कार्यालयमा कोटेशन खोलिनेछ। कोटेशनदाता वा निजको प्रतिनिधिको अनुपस्थितिमा पनि शिलबन्दी कोटेशन खोल्न बाधा पर्ने छैन। तर सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन कोटेशन खोलिने छ।
६. म्याद नाघी वा रीत नपुगी आएका कोटेशन उपर कुनै कारबाही हुने छैन।
७. यस बाहेक थप जानकारी आवश्यक परेमा तल उल्लेखित कार्यालयहरुमा कार्यालय समयमा सम्पर्क राख्न सकिनेछ।
८. फाराम बुझाउने अन्तिम मिति **२०८३/०७/१९** गते कार्यालय समय भित्रमा हुनेछ।
९. कोटेशन स्वीकृत गर्ने वा नगर्ने अधिकार नेपाल रेडक्रस सोसाइटी रुकुम (पश्चिम भाग) जिल्ला शाखामा सुरक्षित रहनेछ।

शिलबन्दी कोटेशन प्राप्त गर्ने र पेश गर्ने ठेगाना/स्थानः

नेपाल रेडक्रस सोसाइटी
रुकुम (पश्चिम भाग) जिल्ला शाखाको फिल्ड कार्यालय
सानीभेरी गाउँपालिका-९, सिम्ली, रुकुम (पश्चिम भाग)
फोन नं. ९८६४९२५७५१

सिम्ताको जामुने बजारमा बृहत् सरसफाइ

कांक्रेविहार संवाददाता
सुर्खेत, १२ कात्तिक

सिम्ता गाउँपालिका-६ स्थित जामुने बजार, राकममा बृहत् सरसफाइ अभियान सञ्चालन गरिएको छ। हाम्रो सहर परियोजनाको अगुवाइमा गाउँपालिका, उद्योग वाणिज्य संघ सिम्ता, इलाका प्रहरी कार्यालय बादेपीपल, स्थानीय टोल विकास संस्था तथा स्थानीयवासीको सहभागितामा अभियान सञ्चालन गरिएको हो।

बजार क्षेत्रलाई स्वच्छ, सफा र व्यवस्थित बनाउने उद्देश्यले सञ्चालन गरिएको अभियान अन्तर्गत बिहीबार जामुने बजारको पिपल चौतारादेखि बजार क्षेत्रमा सरसफाइ गरिएको छ।

अभियानमा सिम्ता गाउँपालिकाका प्रशासन अधिकृत टोपबहादुर राना, उद्योग वाणिज्य संघ भेरी सिम्ताका अध्यक्ष गंग ढकाल, इलाका प्रहरी चौकी राकमका प्रहरी सहायक निरीक्षक (सई) चेतन बुढा, वाइजीजीपीका कार्यकारी निर्देशक घनश्याम केसी, विभिन्न राजनीतिक दलका प्रतिनिधि तथा स्थानीयवासीको सहभागिता रहेको थियो।

सरसफाइ अभियानले बजार क्षेत्रको स्वच्छता कायम राख्नुका साथै स्थानीयवासीमा सरसफाइप्रतिको चेतना अभिवृद्धि गर्न र सामूहिक सहभागितामार्फत स्वच्छ वातावरण निर्माण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

कुमाखमा केसर खेती, आम्दानीको सम्भावना

कांक्रेविहार संवाददाता
सल्यान, १२ कात्तिक

सल्यानमा पहिलो पटक सुरु गरिएको केसर खेतीबाट आम्दानी लिन सकिने सम्भावना देखिएको छ। कुमाख गाउँपालिका-३, चिनालीका किसान शेरबहादुर पुनले परीक्षण सफल भएपछि यस वर्ष झन्डै आधा रोपनी क्षेत्रफलमा केसर खेती विस्तार गरेका छन्।

पुनले यस वर्ष उत्पादन भएको १६ ग्राम केसर प्रतिग्राम एक हजार रुपैयाँका दरले बिक्री गरे। गत वर्ष परीक्षणका रूपमा खेती गरेका उनले उत्पादन राम्रो भएपछि यस वर्ष खेती विस्तार गरेका हुन्। परम्परागत खेतीबाट आम्दानी लिन लामो समय कुर्नुपर्ने अवस्थामा केसर खेतीबाट तुलनात्मक रूपमा छोटो समयमै आम्दानी लिन सकिने सम्भावना देखिएपछि खेती सुरु गरेको पुनले बताए। थोरै क्षेत्रफलमा गरिएको खेतीबाटै राम्रो

मूल्य प्राप्त भएपछि आफू उत्साहित भएको उनले बताए। आगामी दिनमा उत्पादन र आम्दानीको सम्भावना हेरर खेती विस्तार गर्ने योजना रहेको पुनले जानकारी दिए। केसर खेती सुरु गर्न वनस्पति अनुसन्धान केन्द्र, कपुरकोटले आर्थिक तथा प्राविधिक सहयोग गरेको हो। वनस्पति अनुसन्धान केन्द्र, मूलपानी कपुरकोटका प्रमुख डा. मित्र पाठकले केसर खेतीबाट रोपेको करिब एक महिनामै आम्दानी लिन सकिने बताए।

नयाँ तथा सम्भावनायुक्त खेतीका रूपमा केसरलाई प्रवर्धन गर्न सके स्थानीय किसानका लागि आम्दानीको वैकल्पिक स्रोत बन्न सक्ने उनको भनाइ छ। केसर बहुमूल्य मसला तथा औषधीय प्रयोजनमा प्रयोग हुने वनस्पति हो। यसको उच्च बजारमूल्यका कारण व्यावसायिक उत्पादन विस्तार गर्न सके किसानको आम्दानी बढाउन सहयोग पुग्ने डा. पाठकले बताए। उनका अनुसार व्यावसायिक खेतीका लागि उपयुक्त हावापानी, खेती प्रविधि, गुणस्तरीय बीउ तथा बजारको सुनिश्चितता आवश्यक हुन्छ।

सल्यानमा सुरु गरिएको केसर खेती सफल भए जिल्लामा उच्च मूल्यका कृषि उपज उत्पादनको नयाँ सम्भावना खुल्ने अपेक्षा गरिएको छ। यसले किसानलाई परम्परागत खेतीसँगै वैकल्पिक तथा व्यावसायिक कृषितर्फ आकर्षित गर्न सहयोग पुग्ने देखिएको छ।

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
ह.नि.सु.द.नं. ०१/२०८२/०८३

मानव अधिकार रक्षक सञ्जालको बैठक सम्पन्न

काँक्रेविहार संवाददाता
सुर्खेत, १२ कात्तिक

मानव अधिकार रक्षक सञ्जाल कर्णाली प्रदेशको त्रैमासिक बैठक सम्पन्न गरिएको छ । बिहिबार वीरेन्द्रनगरमा सञ्जालका संयोजक पीताम्बर ढकालको अध्यक्षतामा बसेको बैठकले सञ्जालको सहसंयोजक, विषयगत उपसमितिका संयोजक, जिल्ला संयोजक, छनोट, लैंङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत सुर्खेतका नौं ओटै पालिकामा कानुनी सचेतना र नजिकै आइरहेको शुभ दिपावली, छठपर्वको शुभकामना आदानप्रदान गर्ने निर्णय गरेको छ । सहसंयोजकमा अधिवक्ता गिता कोइराला, सञ्जालको

महिला बालबालिका तथा सिमान्तकृत उपसमितिको संयोजकमा सिसिआर कर्णाली प्रदेशका अध्यक्ष टिकाराम आचार्य, शिक्षा, स्वास्थ्य, वातावरण तथा विभेद विरुद्धको उपसमितिमा नवज्योति केन्द्रकी जरमाया बाठा चयन भएक छन् ।

कर्णाली प्रदेशका विभिन्न जिल्लामा हुने मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना, मानव अधिकार रक्षकका सवाल र समग्र मानव अधिकारको अवस्थाबारे नियमित सूचना संकलन तथा रिपोर्टिङ गर्ने उद्देश्यले बैठकले १० ओटै जिल्लाका लागि संयोजकसमेत चयन गरेको छ । जसअनुसार सुर्खेतमा मानव अधिकार रक्षक सञ्जाल कर्णाली प्रदेशकी सदस्य शर्मिला बिसी, दैलेखमा केडका अनुप नेपाली, जाजरकोटमा फियान नेपालकी कविता रेग्मी, हुम्लामा किर्डाक नेपालका बिन्दुलाल रेग्मी र सल्यानमा सुन्दर नेपालका भुपेन्द्र कँडेललाई जिल्ला संयोजकको जिम्मेवारी दिइएको छ ।

त्यस्तै, डोल्पामा दलित महिला संघ (फेडो) की खगिसरा वली, जुम्लामा सिसिआरका टेकराज आचार्य, कालिकोटमा सोसेक नेपालकी शुसीला गिरी, मुगुमा राष्ट्रिय अपाङ्ग महासङ्घकी रत्ना राना र रुकुम पश्चिममा डब्लुएचआरकी सितल सिंह राठौर जिल्ला संयोजकमा चयन भएका हुन् ।

जिल्ला संयोजकहरूले सम्बन्धित जिल्लामा मानव अधिकारको अवस्था, मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना र मानव अधिकार रक्षकहरूले सामना गर्नुपरेका समस्या तथा चुनौतीबारे सूचना सङ्कलन र समन्वय गर्नेछन् ।

‘गाउँ फर्केर सम्मान कार्यक्रम नराख्नू, लम्बेतान भाषण नगर्नू’

काँक्रेविहार संवाददाता
काठमाडौं, १२ कात्तिक

नेपाली कांग्रेसका सभापति गगन थापाले पार्टीका चाडपर्व तथा शुभकामना आदानप्रदानका कार्यक्रमलाई समुदायसँग जोड्न नेता कार्यकर्तालाई निर्देशन दिएका छन् ।

नवनिर्वाचित पदाधिकारी तथा केन्द्रीय सदस्यहरूको शपथपछि सम्बोधन गर्दै पार्टीका विभिन्न कमिटीले आयोजना गर्ने सम्मान तथा शुभकामना आदानप्रदानका कार्यक्रमलाई व्यवस्थित र समुदायमुखी बनाउनुपर्नेमा जोड दिए । उनले भने, ‘अब यहाँ आज हामीले कार्यक्रम गर्‍यौँ, सकियो ।

अब फेरि यहाँबाट फर्केर गइसकेपछि टोलमा सम्मान, वडामा सम्मान, क्षेत्रमा सम्मान, गाउँमा सम्मान यो बन्द गरौँ । एकैपटक बस्यौँ, यो जिम्मेवारी लियौँ, सकियो अब ।’

पार्टीका नेता तथा कार्यकर्ताहरू विभिन्न स्थानमा पुगेर बारम्बार सम्मान ग्रहण गर्ने र औपचारिक कार्यक्रममा सहभागी हुने परम्परालाई अन्त्य गर्नुपर्ने बताए । उनले थपे, ‘ हामी सबैले सबैलाई शुभकामना दिएकै छौँ । हाम्रो शुभकामना आदानप्रदानको कार्यक्रम पनि कुनै पनि पार्टी कमिटीले गर्छ भने त्यो कार्यक्रम समुदायसँग जोडिनुपर्छ ।’

चाडपर्वका नाममा औपचारिक कार्यक्रम गरेर भाषण गर्ने र शुभकामना आदानप्रदानमा मात्र सीमित हुने अभ्यास नगर्न निर्देशन दिए ।

‘यो पटकका हाम्रा तिहारका कार्यक्रम, छठका कार्यक्रम र शुभकामना कार्यक्रम पार्टीको कुनै पनि तहले अब शुभकामना आदानप्रदान राख्ने, हामीहरू त्यहाँ जाने, फेरि कार्यक्रममा गएर बस्ने, लामबद्ध भाषण गर्ने यो सबै कार्यक्रमलाई हामी बदल्छौँ’ उनले भने ।

सोमपालको कप्तानी पारीमा कर्णालीको सनसनीपूर्ण जित

काँक्रेविहार संवाददाता
काठमाडौं, १२ कात्तिक

सोमपाल कामीले बलिङ र ब्याटिङ दुवैमा कप्तानी पारी खेलेपछि विराटनगर किंग्सविरुद्ध कर्णाली याक्सले सनसनीपूर्ण जित निकालेको छ । पावर प्लेमै धरमराएको ब्याटिङ सम्हाल्दै सोमपालले टोलीलाई जित दिलाउन सफल भए । टीयू मैदानमा विराटनगरले दिएको १ सय ८७ रनको विशाल लक्ष्य कर्णालीले १९.५ ओभरमा ६ विकेट गुमाउँदै पूरा गर्‍यो ।

ब्याटिङमा सोमपाललाई गुल्सन झाले पनि उत्कृष्ट साथ दिएपछि कर्णालीको जित सम्भव भएको हो । जारी सिजनमा कर्णालीको यो लगातार दोस्रो जित हो । विराटनगरले भने लगातार दोस्रो हार व्यहोरेको छ ।

पशु वधशाला र मासु जाँच सम्बन्धी सूचना

“उपभोक्तालाई स्वस्थ मासु उपलब्ध गराउने उद्देश्यले नेपाल सरकारबाट २०८३ मंसिर १ गतेदेखि काठमाण्डौं, भक्तपुर र ललितपुर जिल्लाका सबै स्थानीय तहहरुमा, २०८३ माघ १ गतेदेखि बाँकी सबै नगरपालिकाहरुमा र २०८४ साउन १ गतेदेखि देशैभरी पशु वधशाला र मासु जाँच ऐन, २०५५ लागु हुने गरी राजपत्रमा सूचना प्रकाशन भएको हुँदा ऐन कार्यान्वयनमा मासु व्यवसायी लगायत सम्पूर्ण सरोकारवालाहरुको सहयोगका लागि हार्दिक अनुरोध छ” ।

मासु मात्र हैन, स्वस्थ मासु खोजौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, Email : ekankrebihardaily@gmail.com, web : kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)